# जुगल गाउँपालिका

# जुगल गाउँपालिकाको स्थानीय तहको आर्थिक ऐन २०७५

| | | |
|---|---|---|
| खण्ड :- १ | ऐन संख्या :- ५ | सभाबाट स्वीकृत मिति :- २०७५ असार २६ गते |

## जुगल गाउँपालिका

## सिन्धुपाल्चोक जिल्ला

## प्रदेश नं. ३

# जुगल गाउँपालिकाको आर्थिक ऐन २०७५

प्रस्तावनाः

जुगल गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम यो ऐन तयार गरिएको हो ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **जुगल गाउँपालिकाको आर्थिक ऐन, २०७५** रहेको छ । यो ऐन २०७५ श्रावण १ गतेवाट लागु हुने छ ।

२. सम्पति करः गाउँपालिका  क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर र घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३.. भूमि कर (मालपोत) : गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल करः  गाउँपालिकारनगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर  जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन करः गाउँपालिकारनगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ  तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. मनोरन्जन करः गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०.. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्कः गाउँपालिकारनगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. ट्रेकिङ्ग, कायाकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिफलायर र्‍याफ्टिङ्ग शुल्कः  गाउँपालिकाले आफनो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिफलायर र र्‍याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३.	सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. पर्यटन शुल्कः गाउँपालिकाले आफनो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## जुगल गाँउपालिका
## स्थानीय तहको आर्थिक ऐन २०७५
## दफा २ अनुसूचि (१)  एकिकृत सम्पत्ति कर र घरजग्गा कर

**जुगल गाँउपालिका**
**जुगल गाँउपालिका को आर्थिक ऐन २०७५**
**दफा ३ अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत)**

| सि.नं | विवरण | करका दर (रु.) |
|---|---|---|
| १ | मुख्य सडकसंग जोडिएका १ रोपनी सम्म (प्रति आना) | ५० |
| | मुख्य सडकसंग जोडिएका १ देखि २ रोपनी सम्म (प्रति आना) | ६० |
| | मुख्य सडकसंग जोडिएका २ रोपनी भन्दा बढि (प्रति आना) | ७० |
| २ | माटे सडक संग जोडिएका १ रोपनी सम्म (प्रति आना) | १० |
| | माटे सडक संग जोडिएका १ देखि २ रोपनी सम्म (प्रति आना) | १२ |
| | माटे सडक संग जोडिएका २ रोपनी भन्दा बढी (प्रति आना) | १५ |
| ३ | **सडकले नछोएको क्षेत्रमा खेत ५ रोपनी सम्म** | |
| | अवल | १३ |
| | दोयम | ११ |
| | सिम | ९ |
| | चार | ७ |
| ४ | **सडकले नछोएको क्षेत्रमा खेत ५ देखि २० रोपनी सम्म** | |
| | अवल | १५ |
| | दोयम | १३ |
| | सिम | ११ |
| | चार | ९ |
| ५ | **सडकले नछोएको क्षेत्रमा खेत २० देखि ५० रोपनी सम्म** | |
| | अवल | १८ |
| | दोयम | १६ |
| | सिम | १४ |
| | चार | १२ |
| ६ | **सडकले नछोएको क्षेत्रमा खेत ५० रोपनी भन्दा माथि** | |
| | अवल | २३ |
| | दोयम | २१ |
| | सिम | १९ |
| | चार | १७ |
| ७ | सडकले नछोएको क्षेत्रमा बारी ५ रोपनी सम्म | |
| | अवल | ८ |
| | दोयम | ७ |
| | सिम | ६ |
| | चार | ५ |
| ८ | सडकले नछोएको क्षेत्रमा बारी ५ देखि २० रोपनी सम्म | |
| | अवल | १० |
| | दोयम | ९ |
| | सिम | ८ |
| | चार | ७ |

| | | |
|---|---|---|
| ९ | सडकले नछोएको क्षेत्रमा बारी २० देखि ५० रोपनी सम्म | |
| | अवल | १३ |
| | दोयम | १२ |
| | सिम | ११ |
| | चार | १० |
| १० | सडकले नछोएको क्षेत्रमा बारी ५० रोपनी भन्दा माथि | |
| | अवल | १८ |
| | दोयम | १७ |
| | सिम | १६ |
| | चार | १५ |
| वडा कार्यलय र गाँउपालिकामा सेवा लिनु भन्दा पहिला सेवाग्राहीले मालपोत कर र घर वहाल कर अनिवार्य रुपले तिर्नु पर्नेछ । | | |
| | RCC/RBC ढलान घर (प्रति तला) | |
| | मुल सडक | ५०० |
| | शाखा सडक | ३०० |
| | अन्य | २०० |
| | अन्य घर (प्रतितला) | |
| | मुल सडक | १५० |
| | शाखा सडक | १०० |
| | अन्य | ५० |

राजश्व परामर्श समितीले निर्धारण गरी गाँउसभाले पास गरे अनुसारको व्यवसाय कर प्रत्येक वर्ष असुली गर्नु पर्नेछ । चालु आ.व. भित्र नभइ अर्को वर्ष असुल गर्नु पर्दा २५ प्रतिशत विलम्व दस्तुर थप गरि असुल गरिनेछ ।

**जुगल गाँउपालिका**
**जुगल गाँउपालिका को आर्थिक ऐन २०७५**
**दफा ४ अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर**

| सि.नं | विवरण | करका दर (रु.) |
|---|---|---|
| १ | घरबहाल कर | १०% |

**जुगल गाँउपालिका**
**जुगल गाँउपालिका को आर्थिक ऐन २०७५**
**दफा ५ अनुसूचि (४) व्यवसाय कर**

| सि.नं | विवरण | करका दर (रु.) |
|---|---|---|
| १ | राजश्व परामर्श समितीले निर्धारण गरी गाँउसभाले पास गरे अनुसारको व्यवसाय कर प्रत्येक वर्ष असुली गर्नु पर्नेछ। चालु आ.व. भित्र नभइ अर्को वर्ष असुल गर्नु पर्दा २५ प्रतिशत विलम्व दस्तुर थप गरि असुल गरिनेछ। १ लाख भन्दा कम पुँजि भएका संयुक्त पसललाई रु ३०० कर लाग्नेछ। | |
| | व्यापारिक वस्तु | |
| २ | सुन चाँदी विक्रेता | १००० |
| ३ | मदिरा | १००० |
| ४ | सुर्तिजन्य पदार्थ | |
| | क) थोक विक्रेता | १००० |
| | ख) खुद्रा विक्रेता | ५०० |
| ५ | हलुका पेय पदार्थको थोक विक्रेता | ५०० |
| | निर्माण सामाग्री | |
| ६ | क) सिमेन्ट, छड, धातुका निर्माण सामाग्रीहरु | १००० |
| ७ | विद्युत पसल | ५०० |
| ८ | रेडियो, घडी, मोवाइल तथा अन्य विद्युतीय सामान विक्री गर्ने पसल | १००० |
| ९ | फर्निचर उद्योग तथा विक्रेता | ५०० |
| १० | पेट्रोलीयम पदार्थ, ग्याँस तथा अन्य इन्धन | ५०० |
| ११ | खाद्यान्न किराना पसल | |
| | थोक विक्री गर्ने पसल | १५०० |
| | सबै सामान राखी खुद्रा किराना सामान बिक्री गर्ने | १००० |
| १२ | फलफुल तथ तरकारी पसल | ५०० |
| १३ | स्वदेशी विदेशी कपडा तथा तयारी पोसाक जुत्ता आदि विक्री पसल | १००० |
| १४ | मासु विक्रेता | |
| १५ | भाँडाकुडा विक्रेता | ५०० |
| १६ | सिलाइ प्रतिमेसिन | १०० |
| १७ | चिया तथा खाजा पसल | ५०० |
| १८ | विशेष परामर्श तथा अन्य व्यवसायिक सेवा | १००० |
| १९ | सामान ढुवानीकर्ता तथा कम्पनी | १००० |
| २० | निर्माण व्यवसाय | |
| | क. श्रेणीको | ५००० |
| | ख. श्रेणीको | ३५०० |
| | ग. श्रेणीको | ३००० |
| | घ. श्रेणीको | २००० |
| २१ | हाइड्रो | |
| | सम्बन्धित पक्षसंग समन्वय गरि निर्धारण्ण गर्न सुझाव दिने | |
| २२ | पर्यटन व्यवसाय | १००० |

| | | |
|---|---|---|
| २३ | होटल लज ( होटल लज होटल रेष्टुराँ) | १००० |
| २४ | पोल्ट्री फर्म प्रतिगोटा | ०.२५ |
| २५ | स्टेशनरी पसल | ३०० |
| २६ | सहकारी संस्था | ५०० |
| २७ | मेडिकल पसल | ५०० |
| २८ | एक भन्दा बढी व्यवसाय गर्नेको हकमा बढी करको पुरा शुल्क लिएर थप व्यवसायको ५० प्रतिशत थप गर्दै लगिनेछ। | |
| २९ | स्लेट ढुंगा | ९ |
| ३० | बालुवा प्रति घन मिटर | २०० |
| ३१ | गिटी प्रति घन मिटर | २०० |
| ३२ | छुर्पी प्रति केजी | १० |

**जुगल गाँउपालिका**
**जुगल गाँउपालिका को आर्थिक ऐन २०७५**
**दफा ६ अनुसूचि (५) जडिबुटी, कवाडी र जीवजन्तु कर**

| सि.नं | विवरण | करका दर (रु.) |
|---|---|---|
| १ | चिराइतो | १० |
| २ | जटामसी | १० |
| ३ | निरमसी | १५ |
| ४ | नागवेली | १० |
| ५ | सतुवा | २५ |
| ६ | कुर्की | १० |
| ७ | पदमचाल | १० |
| ८ | यार्सागुम्वा | २०००० |
| ९ | धुपी | २ |
| १० | लोक्ता | १० |
| ११ | सुनपाती | ५ |
| १२ | अर्गेली | १० |
| १३ | पाखनवेद | १० |
| १४ | वन लसुन | ५० |
| १५ | विष | १० |
| १६ | विषफेज | १० |
| १७ | बोझो | ५ |
| १८ | सिस्नु | २ |
| १९ | अंगेरी | ५ |
| २० | चुत्रो | ८ |
| २१ | कुरिलो | १० |
| २२ | रातो मछिटो लहरा | १० |
| २३ | सेतो चिनी | ५ |
| २४ | उतिस (प्रति क्युफिट) | २५ |
| २५ | सिमल (प्रति क्युफिट) | २५ |
| २६ | फलेतो (प्रति क्युफिट) | २५ |
| २७ | मौवा (प्रति क्युफिट) | २५ |
| २८ | खोटे सल्लो (प्रति क्युफिट) | २५ |
| २९ | भिरमौरीको मह (प्रतिलिटर) | ५० |

**कवाडी जीवजन्तु कर थप्ने**

**जुगल गाउँपालिका**
**जुगल गाँउपालिका को आर्थिक ऐन २०७५**
**दफा ७ अनुसूचि (६) सवारी साधन कर**

| सि.नं | विवरण | करका दर (रु.) |
|---|---|---|
| १ | हल्का सवारी (प्रतिपटक) | ३० |
| २ | मिनिटाटा (प्रतिपटक) | ४० |
| ३ | ४ पाङ्गे सवारी साधन ठुलो | ५० |
| ४ | बस | ५० |
| ५ | भ्यान (कन्टेनर), ट्रिपर, ८ पाङ्गे, १० पाङ्गे सवारी साधन प्रवेश शुल्क | १०० |
| ६ | हेवी इक्वीपमेन्ट ( प्रतिपटक) | ५०० |
| **भार बोकेका सवारी साधनलाई निम्न बमोजिम दरमा शुल्क लाग्ने छ।** | | |
| ८ | मिनि ट्रक, फोरह्विल ट्रक | २०० |
| ९ | भ्यान (कन्टेनर), ट्रिपर, ८ पाङ्गे, १० पाङ्गे सवारी साधन | ३०० |

**जुगल गाँउपालिका**
**जुगल गाँउपालिका को आर्थिक ऐन २०७५**
**दफा ८ अनुसूचि (७) विज्ञापन कर**

| सि.नं | विवरण | करका दर (रु.) |
|---|---|---|
| | होडिङ्ग बोर्ड वार्षिक सेवा शुल्क प्रति वर्ग फिट | २०० |
| | आफनो व्यवसाय परिचयको लागि १५ वर्ग फिट सम्मको होडिङ्गकबोर्डमा छुट दिइनेछ | |

**जुगल गाँउपालिका**
**जुगल गाँउपालिका को आर्थिक ऐन २०७५**
**दफा ९ अनुसूचि (८) मनोरन्जन कर**

| सि.नं | ववरण | मनोरञ्जन कर (रु) | | |
|---|---|---|---|---|
| | | स्थानीय | प्रदेश | एकल |
| ३ नं. प्रदेश सरकारको आर्थिक विधेयक, २०७५ को दफा ४ को अनुसुची ३ मा भएको ब्यवस्था अनुसारको देहाएको कर लगाइने छ। | | | | |
| १ | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकहरुबाट प्रति टिकट | ३% | २% | ५% |
| २ | भिडियो घरम, सांस्कृतिक प्रदर्शनहल, कन्सर्ट, थियटर/नाटकघर, फनपार्क, बाटर गार्डेन, वाल उद्यान, दोहोरी साँझ, डान्सबार लगायतकामा प्रति टिकट/विल | ३% | २% | ५% |
| ३ | तीन महिना भन्दा बढी जादु सर्कस मेला सञ्चालन गराए वापत प्रति दिन | ४० | ६० | १०० |
| ४ | तीन महिना भन्दा बढी जादु सर्कस मेला वा मनोरञ्जन प्रदायक कार्यक्रम सञ्चालन गराए मासिक | २००० | ३००० | ५००० |

**जुगल गाँउपालिका**
**जुगल गाँउपालिका को आर्थिक ऐन २०७५**
**दफा १० अनुसूचि (९) बहाल बिटौरी शुल्क**

| सि.नं | विवरण | करका दर (रु.) |
|---|---|---|
| १ | गाउपालिकाको सडकहरुको दायाँ बाँयाँमा रहेको सार्वजनिक जग्गामा व्यवसायीक प्रयोजनका लागि टहरा लगाएतका संरचना बनाई रिसोर्ट, होटल, उद्योग व्यवसाय सञ्चालन गरेका उद्योगी त व्यवसायीहरु संग प्रति रोपनी | २०००० |

**जुगल गाँउपालिका**
**जुगल गाँउपालिका को आर्थिक ऐन २०७५**
**दफा ११ अनुसूचि (१०) पार्किङ शुल्क**

| सि.नं | विवरण | करका दर (रु.) |
|---|---|---|
| १ | पार्किङ्ग शुल्क | ०० |

**जुगल गाँउपालिका**
**जुगल गाँउपालिका को आर्थिक ऐन २०७५**
**दफा १२ अनुसूचि (११) ट्रेकिङ्ग, कायाकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिफलायर ऱ्याफि्टङ्ग शुल्क**

| सि.नं | विवरण | करका दर (रु.) |
|---|---|---|
| १ | कायोकिङ्ग डुंगा प्रवेश शुल्क | १०० |

**जुगल गाँउपालिका**
**जुगल गाँउपालिका को आर्थिक ऐन २०७५**
**दफा १३ अनुसूचि (१२) सेवा शुल्क, दस्तुर**

| सि.नं | विवरण | करका दर (रु.) |
|---|---|---|
| १ | आरसिसी ढलान घर प्रति तला | १०० |
| २ | विभिन्न प्रकारका सिफारीस दस्तुर | |
| ३ | छुट जग्गामा दर्ता सिफारीस गाउँपालिका क्षेत्रमा निवेदन फारम र निवेदन दर्ता दस्तुर समेत | |
| ४ | ५ रोपनी सम्म | ११० |
| ५ | ५ रोपनी भन्दा माथि | १२५ |
| ६ | जग्गा नामसारी सिफारीस | १०० |
| ७ | आयस्रोत सम्पत्ती मूल्याकन प्रमाणित प्रतिहजार | ०.१% |
| ८ | साना तथा घरेलु उद्योग | १०० |
| ९ | मझौला उद्योग | २०० |
| १० | ठुला उद्योग चिरान मिल फर्निचर उद्योग | ५०० |
| ११ | डिलर लिने सिफारीस | ५०० |
| १२ | नागरिकता लिनको लागि सिफारीस | १०० |
| १३ | नागरिकताको सिफारीस लिन सिफारीस | १०० |
| १४ | अगिकृत नागरिकताको सिफारीस | १००० |
| १५ | विजुली जडानको सिफारिस | १०० |
| १६ | घर जग्गा मुल्याङ्कन रु ०.१ प्रतिशत प्रतिहजार | |
| १७ | प्रतिलिपी प्रमाणित प्रतिलिपी दस्तुर रु १० प्रति पाना | १० |
| १८ | चार किल्ला प्रमाणित | ५०० |
| १९ | घरबाटो भए नभएको प्रमाणित रु ५०० र स्थलगत निरिक्षण गरिएको रु ५०० | |
| २० | घर जग्गा कर रसिदको प्रतिलिपी तिरेको रकमको ५० प्रतिशत भन्दा नबढ्ने गरि | ५० |

| | | |
|---|---|---|
| २१ | घर जग्गा छुट्याउन अमिन फिल्ड जानु पर्दा | १००० |
| २२ | डिपिसि चेक जाँच गर्न प्राविधिक फिल्ड जानु पर्दा | ५०० |
| २३ | वादविवाद मुद्धा सम्बन्धि निवेदन | ५० |
| २४ | नाता प्रमाणित | १०० |
| २५ | नाता सम्बन्ध | १०० |
| २६ | अंग्रेजीबाट गरिने जुनसुकै प्रकारको सिफारिसको प्रति सिफारिस | ५०० |
| २७ | निजि स्तरका विद्यालय सम्बन्धी सिफारिस | १००० |
| २८ | सामुदायिक विद्यालयको तहवृद्धि सम्बन्धी सिफारिस | २०० |
| २९ | अन्य सिफारिस | १०० |
| ३० | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क रु ५०।०० कम्प्युटरबाट अंग्रेजीमा नेपालीमा जारी गरेको प्रमाणपत्रको हकमा थप रु १००।०० | |
| ३१ | साना होटेल रेस्टुरा र गेष्ट हाउस खाना सहित | १०० |
| ३२ | साना जलपान गृह, खाजा घर | १०० |
| ३३ | तरकारी तथा फलफुल पसल | १०० |
| ३४ | गैरसरकारी संस्था नविकरण सिफारिस | १०० |
| ३५ | इलेक्ट्रोनिक्स तथा अन्य पसल | १०० |
| ३६ | फोटो स्टुडियो | १०० |
| ३७ | हाडवेयर पसल | २०० |

**जुगल गाँउपालिका**
**जुगल गाँउपालिका को आर्थिक ऐन २०७५**
**दफा १४ अनुसूचि (१३) पर्यटन शुल्क**

| सि.नं | विवरण | करका दर (रु.) |
|---|---|---|
| १ | प्रवेश शुल्क | १००० |
| २ | पर्वतारोहण शुल्क | २०००० |